देवदह नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

फेरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं.

मिति:

## देवदह नगरपालिकाको अत्यन्त जरुरी सुचना

प्रस्तुत बिषयमा राष्ट्रिय भूमि आयोगको मिति २०७८/०९/२४ को सुचनाबमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन आयोगले तोकेको ढाँचा बमोझिम निवेदन फारम भर्ने सम्बन्धमा नगरकार्यपालिकाको मिति २०७८/१०/१६ को निर्णयानुसार यस देवदह नगरपालिकामा मिति २०७८ माघ १८ गतेदेखी ७ दिन मिति २०७८ माघ २४ गतेसम्म प्रत्येक वडाकार्यालयमा लगत संकलक निवेदन फारम भर्न खटिने भएको हुँदा गत वर्ष फारम भर्न छुटेका व्यक्ति तथा परिवारले मात्र फारम भर्नको तपशिल बमोजिमको विवरण सहित वडाकार्यालयमा लगत संकलक समक्ष निवेदन फारम पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल:

| भूमिहीन दलित / भूमिहीन सुकुम्बासी | अव्यवस्थित बसोबासी |
|---|---|
| १. परिवारमूलीको पति र पत्नीको नेपाली नागरिकताको १/१ प्रति फोटोकपी र पासपोर्ट साइजको २/२ प्रति फोटो । <br><br> २. परिवारमूलीको बाबु, आमा र नागरिकता प्राप्त सदस्यको नागरिकताको नेपाली नागरिकताको १/१ प्रति फोटोकपी । | १. परिवारमूली पति र पत्नीको १/१ प्रति र नागरिकता प्राप्त परिवारका सबै सदस्यको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र परिवारमूली र निजको पति पत्नीको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २/२ प्रति । (अनिवार्य) <br><br> २. परिवारमूलीको बाबु र आमाको नेपाली नागरिकताको १/१ प्रतिको फोटोकपी । |

२०७८/१०/१६

देवदह नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
फेरवानी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं.

मितिः

३. जग्गा उपभोगको प्रमाणः विद्युत वा पानीको महसुल तिरेको रसिद / स्थानीय तहले दिएको सिफारिस / घरसारको कागज / भोगचलन गर्न दिएको प्रमाण / घरनक्साको पासको प्रतिलिपि र विगतका आयोगले दिएको निस्सा (सम्भव भएसम्म यि मध्येको १/१ प्रति फोटोकपी तर परिवारमूली आफू वा आफ्नो परिवारको सदस्यको नामको भोगचलनमा नेपाल अधिराज्यभर कहिकतै जग्गा दर्ता नरहेको हकमा यि कागजातको आवश्यकता नपर्ने।

४. तथ्याङ्क संकलकहरु आँउदा माथि उल्लेखित सबै कागजातको सक्कल प्रमाणपत्र र तोकिएको संख्याको फोटोकपी प्रति पनि संगै तयारी अवस्थामा राख्ने ।

३. जग्गाधनी पूर्जा भएको तर प्राकृतिक प्रकोपको कारणले आफ्नो वा आफ्नो परिवारको स्वामित्वको रहेको सबै जग्गा प्रयोगमा आउने सम्भावना नभई त्यस्तो जग्गाको हकभोग नेपाल सरकारको नाममा कायम गरेका भूमिहीनका हकमा सो विषयको मालपोत कार्यालयको लगत कट्टा समितिको निर्णय र मालपोत कार्यालयको पत्र पेश गर्ने ।

४. उपभोगको प्रमाणसम्वन्धी कागजातको प्रतिलिपि । जस्तैः घरसार कागजको प्रतिलिपि, वसाईसराईको प्रतिलिपि, मतदाता परिचयपत्र, विद्युत पानीको महसुल बुझाएको प्रमाण, स्थानीय तहले दिएको सिफारिस, घर नक्सापासको प्रतिलिपि, स्थानीय तहले घरधुरी कायम गरि कर संकलन गरेको प्रमाण आदि।

५. आफू र परिवारका सबै सदस्यको नाममा अन्यत्र रहेको सबै जग्गाको पूर्जाको प्रतिलिपि र सम्वन्धित स्थानीय तहले सम्वन्धित स्थानीय तहले सम्पत्ति कर प्रयोजनको लागि निर्धारण गरेको मूल्याङ्कन सम्वन्धी स्थानीय तहको पत्र ।

६. माग गरेको जग्गामा निवेदकले दश (१०) वर्ष अघिवाट आवाद कमोत गरि आएको हो भनी प्रमाणित गरेको सम्वन्धित गाँउ वा नगरकार्यपालिकाको निर्णय वमोजिमको सिफारिस।

७. उपलब्ध अन्य प्रमाणहरु

२०७८/१०/१५
... बन्जासे
प्रमुख प्रशासकीय अधिकृत